# आर्थिक वर्ष २०७५/७६ को
# बजेट वक्तव्य

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

प्रदेश सभाको बैठकमा २०७५ साल आषाढ १ गते शुक्रवार
आर्थिक मामिला तथा योजनामन्त्री विजय कुमार यादवले
प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७५/७६ को
# बजेट वक्तव्य

प्रदेश सरकार
प्रदेश नं. २
आर्थिक मामिला तथा योजना मन्त्रालय
जनकपुरधाम, धनुषा
२०७५

माननीय सभामुख महोदय,

१. आगामी आर्थिक वर्ष २०७५/०७६ को बजेट प्रदेश नं. २ का जनताको प्रतिनिधिमूलक यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई खुशीको अनुभूति भएको छ। आज भन्दा करिव ५० दिन अघि मैले आर्थिक वर्ष २०७४/७५ को वजेट वक्तव्य यस सभामा प्रस्तुत गरेको थिएँ। आर्थिक वर्षको पुरै अवधिको लागि वजेट प्रस्तुत गर्न पाएको मेरो लागि यो पहिलो अवसर हो।

२. यस घडीमा सर्वप्रथम संघीय गणतन्त्रको स्थापनाका लागि नेपाली जनताले पटक–पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, पटक पटकको मधेश आन्दोलनको गौरवपूर्ण इतिहासप्रति उच्च सम्मान प्रकट गर्दै नेपालको लोकतान्त्रिक आन्दोलनको क्रममा शहीद हुनुभएका तथा वेपत्ता पारिनु भएका सबैका प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु। एवम्, शहीदका परिवारजन र विभिन्न आन्दोलनका क्रममा अंगभंग भई कठिन जीवनयापन गरिरहनु भएका नागरिकहरुलाई श्रद्धापूर्वक नमन गर्दै

वहाँहरुको त्याग र बलिदानप्रति कृतज्ञता व्यक्त गर्दछु।

३. नेपालमा राजनैतिक संक्रमणको लामो कालखण्डको अन्त्य भएको छ। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई संस्थागत गर्न नेपाली जनताको त्याग र वलिदानबाट हालसम्म प्राप्त भएका राजनैतिक उपलब्धिहरुको रक्षा गर्दै बिद्यमान गरिबी, पछ्यौटेपन, सामाजिक अन्धविश्वास र विभेदको अन्त्य गरी यस प्रदेशलाई सम्बृद्ध बनाउने जिम्मेवारी हामीमा आएको छ।

४. जनताको दीगो शान्ति, सुशासन, विकास र सम्बृद्धिको आकांक्षा पूरा गर्न यो सरकार आवश्यक संस्थागत र व्यवस्थापकीय प्रबन्ध मिलाउदै अघि बढिसकेको व्यहोरा यस अवसरमा अवगत गराउन चाहन्छु।

५. यो सरकार बनेपछि भारतका महामहिम प्रधानमन्त्रीले नेपाल भ्रमणको क्रममा यस प्रदेशबाट आफ्नो भ्रमण शुरुवात गर्नु भएको कुरा सर्वविदितै छ। महामहिमको



उक्त भ्रमणबाट दुई मुलुकबीचको सम्बन्ध अझ गाढा हुने तथा आगामी दिनमा नेपालको विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास सरकारले लिएको छ।

६. नेपाल सरकारको आ.व.२०७५/७६ को वजेट वक्तव्यमार्फत घोषित आयोजना तथा कार्यक्रमहरु सम्पन्न गर्न नेपाल सरकारलाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

७. आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा नेपालको संविधानमा उल्लिखित नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, चौधौं आवधिक योजना, विनियोजन विधेयक,२०७५ का सिद्धान्त र प्राथमिकता, प्रदेश सरकारको नीति तथा कार्यक्रम, प्रदेश सभाका माननीय सदस्यज्यूहरुले दिनुभएको सुझावहरु, पूर्व वजेट छलफलका क्रममा प्राप्त हुन आएका रचनात्मक सुझावहरु तथा आ.व. २०७४/७५ को वजेट वक्तव्यमा उल्लिखित

महत्वपूर्ण कार्यक्रमहरुलाई यो वजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु

सभामुख महोदय,

८. म अब नेपाल राष्ट्र बैंकबाट प्रकाशित प्रदेशगत प्रोफाईलमा आधारित रही यस प्रदेशको आर्थिक सामाजिक एवम् प्रशासनिक अवस्थाको बारेमा संक्षिप्त जानकारी गराउन अनुमति चाहन्छु।

**प्रशासनिक स्वरुप**

९. राज्यको संरचनामा संघ, सात वटा प्रदेश र ७५३ वटा स्थानीय तह रहेकोमा यस प्रदेशमा १३६ वटा स्थानीय तहहरु रहेका छन्, जसमा १ महानगरपालिका, ३ उप-महानगरपालिका, ७३ नगरपालिका र ५९ वटा गाँउपालिका छन् ।

**जनासांख्यिक स्थितिः**

१०. २०६८ सालको जनगणना अनुसार देशको कुल जनसंख्या २ करोड ६४ लाख रहेकोमा यस प्रदेशको जनसंख्या ५४ लाख ४ हजार १४५ जना अर्थात २०.४ प्रतिशत रहेको छ । प्रदेशहरु मध्ये यो प्रदेश



जनसांख्यिक हिसावले दोश्रो ठूलो प्रदेश रहेको छ ।

११. यस प्रदेशको लैङ्गिक अनुपात १०१.१ प्रतिशत रहेको छ भने जनघनत्व ५५९ जना प्रति वर्ग कि.मि. रहेको छ ।

**आर्थिक स्थितिः**

१२. देशको कुल ग्रार्हस्थ्य उत्पादन ३० खर्व ७ अर्व रहेकोमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. ४ खर्व ८८ अर्व अर्थात १६.२ प्रतिशत अंश रहेको छ । कुल ग्रार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रहरुमा यस प्रदेशको क्रमशः १८, २४ र १२.४ प्रतिशत योगदान रहेको छ ।

१३. नेपालको राष्ट्रिय प्रतिब्यक्ति आय १००४ (यू. एस. डलर) मा यस प्रदेशको प्रति ब्यक्ति आय ७९९ (यू. एस. डलर) रहेको छ । प्रदेशहरुको तुलनामा यो प्रदेश प्रति ब्यक्ति आयको हिसावले पाँचौं स्थानमा देखिन्छ ।

१४. नेपालमा ३९.९ प्रतिशत जनसंख्या आर्थिक रुपले सक्रिय रहेकोमा प्रदेश नं. २ मा ३१ प्रतिशत

जनसंख्या मात्र आर्थिक रुपमा सक्रिय रहेका छन्; जो प्रदेशहरु मध्यकै थोरै हो ।

१५. नेपालको श्रमिकको वार्षिक औसत उत्पादकत्व रु १ लाख १८ हजार १०८ रहेकोमा यस प्रदेशको श्रमिकको उत्पादकत्व १०३.५ प्रतिशत अर्थात १ लाख २२ हजार २३३ रहेको छ । श्रमिक उत्पादकत्वको हिसावले यो प्रदेश प्रदेशहरुमै दोश्रो बढी उत्पादकत्व भएको प्रदेश हो ।

**कृषिभूमीको प्रयोग र सिंचाईको स्थितिः**

१६. नेपालको कुल खेतीयोग्य क्षेत्रफल ३२ लाख १४ हजार हेक्टर रहेकोमा ७९.३ प्रतिशत जमिनमा खेती गर्ने गरिएको छ भने उक्त खेती गरिएको जमिनको केवल ४५.२ प्रतिशतमा मात्र सिंचाई सुविधा पुगेको छ । यस प्रदेशमा ५ लाख ३५ हजार २ सय १८ हेक्टर खेतीयोग्य क्षेत्रफल रहेकोमा ४ लाख ८१ हजार २ सय १४ हेक्टरमा खेती हुने गरेको र ३ लाख १८ हजार ८ सय ६९ हेक्टर क्षेत्रफल मात्र



सिंचित छ । अर्थात कूल खेतीयोग्य जमिनको उन्नानब्बे दशमलव नौं (८९.९) प्रतिशत क्षेत्रफलमा खेती गरिएको र खेती गरिएको क्षेत्रफलको तुलनामा ६६.३ प्रतिशत जमिन सिंचित रहेको छ ।

**उद्योगको स्थितिः**

१७. नेपालमा संचालित कूल ४ हजार ७६ उद्योगले करिव १ लाख ९५ हजार मानिसहरुलाई रोजगारी प्रदान गरी रहेकोमा यस प्रदेशमा ८१२ उद्योग रहेको र सो क्षेत्रले करिव ५० हजार जनालाई रोजगारी प्रदान गरेको देखिन्छ ।

**भौतिक पूर्वाधारः**

१८. २०७५ बैशाख १२ गतेसम्म कुल १००६.८ मेगावाट विद्युत उत्पादन भएकोमा यस प्रदेशमा विद्युत उत्पादनको अवस्था शून्य रहेको छ ।

१९. नेपालमा कुल ७० हजार ४ सय ७४ कि.मि. सडक रहेकोमा कुल सडकमध्ये प्रदेश नं. २ मा सवैभन्दा बढी अर्थात २४.४ प्रतिशत सडक रहेको छ ।

**वित्तीय क्षेत्रः**

२०. २०७४ चेत्र मसान्तसम्म नेपालमा वाणिज्य बैंक, विकास बैक तथा वित्त कम्पनीका गरी कुल ३ हजार ६७३ शाखा सञ्चालनमा रहेकोमा यस प्रदेशमा क बर्गको वाणिज्य बैकको २७४, ख बर्गको विकास बैंकको ४१, ग वर्गको वित्त कम्पनीका १७ वटा गरी जम्मा ३३२ अर्थात ९ प्रतिशत शाखा रहेका छन् ।

२१. २०७४ असार मसान्तमा बैक तथा वित्तीय संस्थामा संकलन भएको कुल निक्षेप रकम रु. २२ खर्व ८५ अर्व मध्ये यस प्रदेशको ४ प्रतिशत योगदान रहेको छ भने कुल कर्जा प्रवाहमा ८ प्रतिशत योगदान रहेको छ ।

२२. नेपालमा कुल ३४ हजार ५ सय १२ वटा सहकारी संस्थाहरु संचालनमा रहेकोमा यस प्रदेशमा ५ हजार ८५७ वटा सहकारी संस्थाहरु रहेका छन् ।

**स्वास्थ्य तथा शिक्षाको स्थितिः**

२३. राष्ट्रिय औसत आयु ६८.८ वर्ष रहेकोमा यस प्रदेशमा ७०.४ वर्ष रहेको छ, जो प्रदेशहरुमा सवैभन्दा उच्च हो।



२४. राष्ट्रिय वाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) ४०.८ रहेकोमा यस प्रदेशको वाल मृत्युदर ५८.४ रहेको छ ।

२५. मानव विकास सूचकाङ्कमा नेपालको अवस्था ०.४९० रहेकोमा यस प्रदेशको सूचकाङ्क ०.४२१ रहेको छ, जो प्रदेशहरु मध्येकै सवैभन्दा कमजोर हो ।

२६. नेपालको मानवीय गरिवीको सूचकाङ्क ३१.१ रहेकोमा यस प्रदेशको मानवीय गरिवी सूचकाङ्क (Human Poverty Index) ४१.९ रहेको छ ।

२७. नेपालको कुल साक्षरता दर ५९.६ प्रतिशत रहेकोमा यस प्रदेशको साक्षरता दर ४०.९ प्रतिशत रहेको छ, जुन प्रदेशहरु मध्ये सबैभन्दा कम हो ।

**आधारभूत सुविधाको स्थितिः**

२८. नेपालमा कुल ८५.९ प्रतिशत घरधुरीले खानेपानीको सुविधा प्राप्त गर्ने गरेकोमा यस प्रदेशमा ९३.८ प्रतिशत घरधुरीमा खानेपानी सुविधा उपलब्ध भएको छ । खानेपानी सुविधा उपलब्धताको हिसावले यो प्रदेश सर्वाधिक सुविधायुक्त प्रदेश हो ।

२९. नेपालमा कुल विद्युतको सुविधा प्राप्त गर्ने घरधुरीको प्रतिशत ६७.७ रहेकोमा यस प्रदेशका ६०.४ प्रतिशत घरधुरीले विद्युत सुविधा प्राप्त गरेको देखिन्छ । प्रदेशहरु मध्ये विद्युत सुविधा प्राप्त गर्ने यो प्रदेश तेश्रो कमजोर प्रदेश हो ।

३०. नेपालको कूल ६१.५ प्रतिशत घरधुरीले शौचालयको सुविधा प्राप्त गरेकोमा यस प्रदेशमा प्रदेशहरु मध्ये सर्वाधिक कम २६.४ प्रतिशत घरधुरीमा शौचालयको सुविधा रहेको देखिन्छ ।

**गरिवी, आय र मानव विकासको स्थितिः**

३१. राष्ट्रिय गरिवीको दर २५.२ प्रतिशत रहेकोमा यस प्रदेशको गरिबीको दर २७.७ प्रतिशत रहेको छ ।

३२. नेपालको गरिबीको बहु-आयामिक दर २८.६ प्रतिशत रहेकोमा यस प्रदेशको ४७.९ प्रतिशत रहेको देखिन्छ ।



**आधारभूत खाद्यान्न स्थितिः**

३३. आर्थिक वर्ष २०७२/०७३ मा नेपालको कूल खाद्यान्न उत्पादन ५३ लाख ५५ हजार मेट्रीक टन रहेकोमा यस प्रदेशमा कूल खद्यान्न उत्पादन ९ लाख ४८ हजार ६३९ मेट्रीक टन रहेको देखिन्छ ।यस प्रदेशका लागि सो आ.व.मा कूल १० लाख ६० हजार ४८८ मेट्रीक टन खाद्यान्न आवश्यक रहेको थियो । यसरी समथर जमिन रहेको यस प्रदेशमा खाद्यान्नको माग उत्पादन भन्दा १ लाख १२ हजार मेट्रीक टनले बढी रहेको देखिन्छ ।

**सरकारी राजस्व**

३४. आ.व. २०६८/०६९ देखि २०७२/०७३ सम्मको कूल राजस्व संकलन रु. १७ खर्व ९८ अर्व ६० करोड रहेकोमा सो राजस्व संकलनमा यस प्रदेशको योगदान २६.५ प्रतिशत रहेको देखिन्छ ।

**सरकारका चुनौतिः**

३५. यो सरकारका सामु मुख्यरुपमा निम्न चुनौतिहरु देखिएका छन्ः

- जनतामा राजनैतिक परिवर्तनको अनुभूति हुने गरी समाजलाई आर्थिक सामाजिक रुपले रुपान्तरण गर्ने कार्य सबैभन्दा ठूलो चुनौतिको रुपमा रहेको छ ।
- प्रदेशको शासन व्यवस्था संचालनका लागि आवश्यक प्रशासनिक संरचनाहरु तयार भइनसकेको र दक्ष जनशक्तिको कमी रहेकोले उपलब्ध श्रोत साधनको कुशल विनियोजन गर्ने, विकास आयोजनाहरुको दक्षतापूर्वक कार्यान्वयन गर्ने तथा सार्वजनिक खर्चमा अनुशासन कायम गर्ने कार्य चुनौतिपूर्ण देखिएको छ।
- सरकार प्रतिको जनविश्वासलाई मजवुत बनाइ प्राप्त संघीय लोकतान्त्रिक शासन प्रणालीलाई थप संस्थागत र दिगो बनाउदै लैजानु पर्ने जिम्मेवारी हामी माथि छ।



**बजेटका उद्देश्यः**

३६. यो बजेटका उद्देश्यहरु यस प्रकार छन् :

- जनताका बीचमा सरकारको बलियो उपस्थिति देखाउने।
- प्रदेश शासन व्यवस्था संचालनका सम्पूर्ण पूर्वाधारहरु तयार गरी जनतामा सुशासनको प्रत्याभूती दिने ।
- नागरिकको आयस्तरमा सुधार गरी गरिबी न्यूनीकरण गर्ने।
- प्रदेशको आर्थिक एवं सामाजिक रुपान्तरणका आधारशिला तयार गर्दै जाने ।

**बजेटका प्राथमिकताः**

३७. चालु आ.व. को वजेटका प्राथमिकता देहाय अनुसार रहेका छन्-

- सुशासन
- भौतिक पूर्वाधार निर्माण तथा सामाजिक विकास
- नीतिगत, कानूनी एवं संरचनागत प्रबन्ध
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सार्वजनिक

खर्चमा वित्तीय अनुशासन र पारदर्शिता

- वालवालिकाको हीत संरक्षण एवं महिला सशक्तीकरण तथा क्षमता विकास
- उद्यमशीलताको विकास र रोजगारी सृजना
- प्रदेशको मौलिकता, ऐतिहासिक तथा सांस्कृतिक धरोहरहरुको संरक्षण र प्रवर्द्धन
- सरसफाइ एवं वातावरणीय स्वच्छता अभिबृद्धि
- संघ र स्थानीय तहसँग सौहार्द्धपूर्ण सम्बन्धको विकास तथा सहकारिता।

३८. संविधान बमोजिम यस प्रदेशले संघ र स्थानीय तह बीचको सम्बन्धलाई अघि बढाउनेछ।

सभामुख महोदय,

३९. अब म संघबाट विनियोजन भई यस प्रदेशमा प्राप्त हुन आएका र यस प्रदेशबाट स्थानीय तहमा भएका विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्दछु।

४०. संवैधानिक व्यवस्था बमोजिम यस प्रदेशका १३६ स्थानीय तहहरुलाई वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको रकम उपलब्ध गराएको छु।



यसका लागि रु. ४० करोड विनियोजन गरेको छु।

४१. प्रत्येक गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई क्रमशः रु. ५० लाख, रु. १ करोड, रु. २ करोड र रु. ३ करोड सशर्त अनुदान उपलब्ध गराउन जम्मा रु. १ अर्व ११ करोड ५० लाख बजेट व्यवस्था गरेको छु। आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृतिमा आयोजनागत रुपमा बजेट उपलब्ध गराईनेछ।

**प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम**

४२. प्रदेश सभाका निर्वाचित सदस्यको संयोजकत्वमा त्यस निर्वाचन क्षेत्रका प्रदेशसभा सदस्यहरु रहेको समितिबाट स्थानीय तहका प्रमुखहरु समेतको समन्वयमा आयोजना छनौट गरी कार्यान्वयन गर्ने गरी प्रत्येक निर्वाचन क्षेत्रका लागि रु. ५० लाखका दरले जम्मा रु. ३२ करोड रकम विनियोजन गरेको छु।

४३. प्रदेश सभाका सम्पूर्ण सदस्यहरुले आफ्नो नेतृत्वमा जनआवश्यकता अनुसारका आयोजनाहरु छनौट गरी कार्यान्वयन गर्ने गरी प्रति सदस्यहरुको लागि रु.२५

लाखका दरले जम्मा रु. २६ करोड ७५ लाख रकम विनियोजन गरेको छु।

४४. यसरी प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम कार्यान्वयनका लागि जम्मा रु. ५८ करोड ७५ लाख विनियोजन गरेको छु ।

४५. संघीय सरकारबाट यस प्रदेशलाई विभिन्न अनुदानको रुपमा प्राप्त हुन आएको रकमको सदुपयोग गर्दै प्रदेशको आन्तरिक राजस्व परिचालनमा जोड दिइनेछ। सशर्त अनुदान मार्फत प्रदेश सरकार मातहत प्राप्त आयोजना तथा कार्यक्रमहरु तोकिएको समयमा सम्पन्न गरिनेछ ।

**प्रदेशको शासन व्यवस्था**

४६. प्रदेशको शासन व्यवस्था सञ्चालन गर्ने सन्दर्भमा आवश्यक कानूनहरु निर्माण गर्ने कार्य द्रुत गतिमा अघि बढाईनेछ। प्रदेशस्तरमा कानूनहरु तर्जुमा नहुञ्जेल नेपाल सरकारबाट जारी भएका सम्बन्धित क्षेत्रका कानूनी व्यवस्थाहरुलाई नै आधारका रुपमा लिइनेछ ।



४७. उपयुक्त कार्य वातावरणको निर्माणद्वारा राष्ट्रसेवक कर्मचारीको मनोवल उच्च बनाउदै सार्वजनिक प्रशासनलाई सक्षम, जिम्मेवार, विकासमैत्री र परिवर्तनको सम्बाहक संस्थाको रुपमा विकास गरी **"आपके सरकार, आपके द्वार"** भन्ने अभियानलाई सार्थक बनाईनेछ ।

४८. प्रदेशलाई आफ्नो कार्यजिम्मेवारी निर्वाहका लागि आवश्यक संगठन संरचना एवं पर्याप्त जनशक्तिको व्यवस्थापनका लागि सरकारले नेपाल सरकारसँग समन्वय गरी आवश्यक निर्णय लिनेछ।

४९. संघीय सरकार तथा स्थानीय तहसँगको समन्वय, सहयोग र साझेदारीको सम्बन्ध कायम गर्दै निजी तथा सहकारी क्षेत्रसँगको सहकार्यमा विकासका कृयाकलापहरु अघि बढाइनेछ। विकास कृयाकलापहरुलाई परिणाममुखी बनाउन अनुगमन कार्यमा जोड दिइनेछ ।

५०. संघ तथा स्थानीय तहको सहयोग र सहकार्यमा यस प्रदेशको अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन

योजना, बिभिन्न क्षेत्रगत नीति तथा रणनीतिहरु तयार गर्दै लगिनेछ। नीति आयोगले सरकारलाई प्रदेशको समग्र शासन व्यवस्थाका बारेमा अध्ययन गरी सुधारका क्षेत्रहरु पहिचान र सुधारका उपायहरु सिफारिस गर्नेछ ।

५१. सरकारले सार्वजनिक सेवाका सन्दर्भमा नागरिकका गुनासाहरु सुन्ने र त्यसको तत्काल सम्बोधन गर्न आवश्यक संयन्त्रको व्यवस्था गर्नेछ। भष्ट्राचारका विरुद्धमा सरकार कडा रुपमा प्रस्तुत हुनेछ ।

सभामुख महोदय,

५२. समाजमा छोरा र छोरी बीचको विभेद अन्त्य गर्न छोरीलाई पनि पढाउनु पर्छ भन्ने भावनालाई जन जनमा जागृत गरी समग्र समाज रुपान्तरणको लागि गत आर्थिक बर्ष देखि सञ्चालित **"मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान"** लाई यस आर्थिक बर्षमा समेत निरन्तरता दिएको छु। यस अभियान सञ्चालनका लागि रु. २० करोड ९२ लाख विनियोजन गरेको छु।



५३. वातावरणीय स्वच्छता तथा ब्यक्तिगत स्वास्थ्य प्रति जनताको चेतनालाई जागृत गर्दै सर्वसाधारण सबैको स्वतस्फुर्त एवं व्यापक सहभागितामा गाउँ- शहरको सरसफाई, घरघरबाट उत्सर्जन हुने फोहोरको व्यवस्थापन, सार्वजनिक महत्वका स्थानहरुको सौन्दर्यता अभिबृद्धि र खानेपानी आपूर्तिका श्रोतहरुको अवस्थामा सुधार गरिनेछ।

५४. प्रदेश भित्र **एक घर, एक शौचालय कार्यक्रम** कार्यान्वयन गरिनेछ। हरित सडक, हरित नगर, हरित ग्राम, हरित पोखरी, हरित मन्दिर, हरित नदी अभियानलाई मूख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत संचालन गरिनेछ । यस अभियान सञ्चालनका लागि रु.२१ करोड ६१ लाख विनियोजन गरेको छु।

५५. प्राकृतिक विपत्तिमा परेर घरवारविहीन भएका नागरिकहरुलाई राहत वितरण र पुनःस्थापना गरिनेछ। यसका लागि मुख्यमन्त्री राहत तथा पुनःस्थापना कोषमा रु.१५ करोड विनियोजन गरेको छु । आवश्यक कानूनी व्यवस्था गरी यो रकम खर्च गरिनेछ । यस कार्यका लागि संलग्न जनशक्तिलाई

क्षमतायुक्त बनाईनेछ । आन्तरिक मामिला तथा कानून मन्त्रालय मातहत रहेको प्राकृतिक विपद् व्यवस्थापन कोषमा रु ४ करोड २५ लाख विनियोजन गरेको छु ।यो रकम कानूनी मापदण्ड वनाई खर्च गरिनेछ ।

५६. बिभिन्न प्राकृतिक विपत्तिमा परेका पिडितहरुको तत्काल उद्धार गर्ने व्यवस्था मिलाइनेछ।

**भौतिक पूर्वाधार विकास**

५७. प्रदेशको आर्थिक विकास र सामाजिक एकीकरणका लागि सडक सञ्जालको विकास गर्न सरकारले प्राथमिकता दिएको छ । यस प्रदेशमा सडक सञ्जाल विकास र विस्तारका लागि रु. १ अर्व २६ करोड विनियोजन गरेको छु ।

५८. खेतीयोग्य जमिनमा सिंचाईको विस्तार गर्न विभिन्न आयोजनाहरु कार्यान्वयमा ल्याईनेछ । **"हर खेतमे पानी, हर हातमे काम"** भन्ने नाराका साथ सिंचाई अभियानलाई सार्थक बनाउन सहयोग पुग्ने गरी बजेट विनियोजन गरेको छु । झाँझ सिंचाई प्रणाली, नारायणी



सिंचाई प्रणाली लगायत सिंचाई क्षेत्रका लागि रु. ५२ करोड ५२ लाख विनियोजन गरेको छु ।

५९. नयाँ नगरोन्मुख शहरी क्षेत्रहरुको पहिचान गरी पूर्वाधार विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । छरिएर रहेका बस्तीहरुलाई एकिकृत गर्दै सार्वजनिक सेवालाई गुणस्तरीय ढंगले प्रवाह गर्न नमूना एकिकृत विकास कार्यक्रम संचालन गरिनेछ ।

६०. यस प्रदेशलाई उर्जामा आत्मनिर्भर गराउने एउटा मात्र उपाय सौर्य उर्जा भएकोले सौर्य उर्जा उत्पादनलाई सरकारले महत्व दिएको छ । यस प्रदेशमा समग्र उर्जा क्षेत्रको विकासका लागि रु. ८ करोड २० लाख विनियोजन गरेको छु ।

६१. बर्षेनी आउने बाढीबाट गाउँवस्ती तथा खेतीयोग्य जमिनको हुने क्षतिलाई न्यूनिकरण गर्न नदी नियन्त्रण कार्यलाई अभियानको रुपमा अगाडि बढाईनेछ । बाढीबाट अति जोखिम स्थानहरुको बाढी ब्यवस्थापन र वस्ती ब्यवस्थापन गर्ने कार्यक्रमको लागि रु. ३ करोड विनियोजन गरेको छु ।

६२. गागन, औंक्सी, कमला, बागमती, गेरुवा, जगा, पचरौता, जलाद, झिम, दुधौरा, पसाह, बलुवा, बिगही, खाँडो लगायतका नदीहरुको नियन्त्रण र आपतकालीन तथा बाढी पुनःस्थापनाका लागि रु. ३६ करोड १८ लाख विनियोजन गरेको छु ।

६३. प्रमुख शहरहरुको आसपासमा सेटेलाईट शहरहरु निर्माण गर्दै जाने कुरालाई सरकारले महत्व दिएको छ । यस आर्थिक वर्षमा पर्सा, वारा, धुनषा, सिराहा लगायत जिल्लामा सेटेलाईट सिटीको सम्भाव्यता अध्ययन तथा सुरुवाती कार्य गर्न रु. २ करोड ८५ लाख विनियोजन गरेको छु ।

## सामाजिक विकास

६४. संविधान प्रदत्त समानताको हक, मानव अधिकार, महिला र वालवालिकाको हकको रक्षा गर्दै समाजमा हालसम्म मौजुद रहेका वालविवाह, बोक्सी प्रथा, महिला हिंसा, दहेज प्रथा, छुवाछुत तथा सामाजिक विभेद जस्ता अपराध विरुद्ध कानूनी कारवाही गरिनेछ । समाजका गरिब, अल्पसंख्यक, पिछडिएको



वर्ग, जेष्ठ नागरिक, अशक्त, अपाङ्ग, एकल महिला लगायतको संरक्षण र विकासका लागि बजेटको व्यवस्था गरेको छु।

६५. मातृभाषा शिक्षा नीति लागु गर्न स्थानीय तहको सहकार्यमा मातृभाषामा शिक्षा प्रदान गर्ने विद्यालयहरुलाई प्रोत्साहन गर्न बजेट बिनियोजन गरेको छु । महिला, दलित, अति विपन्न भूमिहीनहरुको आयआर्जन एवम् स्वरोजगारका कार्यक्रमहरुमा बजेट विनियोजन गरेको छु ।

६६. गजेन्द्र नारायण सिंह सगरमाथा अञ्चल अस्पताल, जनकपुर अञ्चल अस्पताल, नारायणी उपक्षेत्रीय अस्पताललाई आवश्यक उपकरणहरु सहित सुविधासम्पन्न अस्पतालको रुपमा विकास गर्न रु. ३० करोड रकम विनियोजन गरेको छु ।

६७. ससरी जिल्लाको रुपनी प्रहरी अस्पताललाई प्रदेशको ट्रमा सेन्टरको रुपमा विकास गर्न रु. १ करोड रकम विनियोजन गरेको छु ।

६८. तराई मधेशमा महामारीको रुपमा आउने औलो रोगबाट बच्न सुप्रानेट झुल वितरण गर्न रु. ५ करोड रकम विनियोजन गरेको छु ।

६९. राजर्षि जनक विश्वविद्यालयको भौतिक पूर्वाधार विकास तथा क्षमता अभिवृद्धि गर्न रु. १ करोड रकम विनियोजन गरेको छु ।

७०. महिला, अतिविपन्न, दलित, भूमिहीन जनतालाई मूख्य न्यायाधिवक्ता कार्यालय मार्फत निःशुल्क कानूनी सहायता गर्न तथा कानूनी परामर्शका लागि हरेक गाउँपालिकामा कानूनी सहजकर्ताको ब्यवस्थाका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

७१. वर्षौदेखि उत्पीडित प्रदेशमा ठूलो संख्यामा रहेका दलित समुदायलाई लक्षित गरी शिक्षाका माध्यमले उनीहरुको आर्थिक सामाजिक रुपान्तरणका लागि निःशुल्क दलित शिक्षा र शैक्षिक पूर्वाधार निर्माणका लागि बजेट विनियोजन गरेको छु । दलित विद्यार्थीहरुलाई अध्ययन गर्नमा सहयोग पुगोस् भन्ने अभिप्रायले प्रदेशका ८ वटै जिल्लामा दलित छात्रावास



निर्माणको लागि रु. ८ करोड रकम विनियोजन गरेको छु ।

७२. योग तथा नैतिक शिक्षालाई शिक्षाको अभिन्न अंगको रुपमा विकास गरिनेछ । मदरसा शिक्षालाई प्रदेश शिक्षा नीतिको मूल प्रवाहसंग जोडन रकम विनियोजन गरेको छु ।

७३. जानकी, छिन्नमस्ता, जलेश्वरनाथ, पडौलस्थान, धनुषाधाम, राजदेवी, रामजानकी मन्दिर तथा प्रदेश भित्रका मदरसा, गुम्बा लगायत सिम्रौनगढ जस्ता धार्मिक, साँस्कृतिक मठ-मन्दिर एवम् पुरातात्विक महत्वका स्थलहरुको संरक्षण र सम्बर्द्धन गर्न रकम विनियोजन गरेको छु।

७४. यस प्रदेशका परम्परागत मूल्य र मान्यताहरु तथा हरेक समुदायका भाषा, संस्कृति, कला, भेषभूषा, रहनसहन एवं चाडपर्वहरुको संरक्षण र सम्बर्द्धन गर्दै लगिनेछ। भाषा, कला र संस्कृतिको सम्बर्द्धन र प्रवर्द्धनको लागि बजेट विनियोजन गरेको छु ।

७५. युवाहरुलाई शारिरिक रुपमा स्वस्थ बनाउदै खेलकुद

क्षेत्रको समग्र विकासको लागि "**खेलेगा मधेश, खिलेगा मधेश**" को नारालाई मुर्तरुप दिन खेलाडीलाई प्रोत्साहन तथा खेलकुद पूर्वाधारको विकास गर्दै लगिनेछ । खेलमैदान तथा खेलसम्बन्धी पूर्वाधारहरुको विकास तथा प्रवर्द्धनका लागि रु. ९ करोड ७४ लाख विनियोजन गरेको छु ।

**भूमि व्यवस्था,कृषि तथा सहकारी**

७६. युवा वर्गलाई कृषिमा आकर्षित गर्न सार्वजनिक एवम् सहकारी समेतको माध्यमबाट कार्यक्रम संचालन गर्न रकम विनियोजन गरेको छु । कृषिलाई गरिबी न्यूनीकरण र रोजगारी सृजनाको प्रमुख क्षेत्रको रुपमा विकास गरी विदेश पलायन भएका युवा जनशक्तिलाई स्वदेश फर्किने वातावरण सृजना गर्नको लागि कृषिमा यान्त्रिकीकरण र व्यवसायीकरणमा जोड दिएको छु । यसका लागि समयसापेक्ष नीतिगत, कानूनी तथा संस्थागत सुधार समेत गर्दै लगिनेछ ।

७७. किसानहरुले उत्पादन गरेको कृषि उपज भण्डारण गरी आफ्नो कृषि उपजको सहि मूल्य प्राप्त गर्न र



खाद्यान्नको बाह्रै महिना सहज उपलब्धताका लागि प्रदेशका ८ वटै जिल्लामा शीत भण्डार (कोल्ड स्टोरेज) निर्माणको लागि यस वर्ष रु. १६ करोड विनियोजन गरेको छु ।

७८. कृषकलाई मेशिनरी औजार, कृषि सामाग्री, उन्नत विउबीजन, गौशालाहरुको पूर्वाधार निर्माण, चुरे क्षेत्रका किसानहरुका लागि ईनार निर्माण अनुदान समेत गरि रु. १ अर्ब ४४ करोड विनियोजन गरेको छु ।

७९. पशुपालन, माछापालन, फलफूल खेती, दुग्ध व्यवसाय, मासु व्यवसाय, कृषि उपजहरुको बजारीकरणका लागि बजेट विनियोजन गरेको छु । कृषि क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने र किसानसम्म कृषि सूचनाको पहुँच बढाउन कृषि ज्ञान केन्द्रको पूर्वाधार निर्माणको लागि रु. ३ करोड ५० लाख विनियोजन गरेको छु ।

८०. उष्ण प्रदेशीय वागवानी नर्सरी केन्द्र, जनकपुरको पूर्वाधार विकासको लागि रु.१ करोड विनियोजन गरेको छु ।

## उद्योग, पर्यटन, वन तथा वातावरण

८१. औद्योगिक वातावरणको सृजना गरी प्रदेशलाई लगानीमैत्री बनाईनेछ । निजी क्षेत्रलाई रोजगारी सृजना तथा आर्थिक बृद्धिको महत्वपूर्ण साझेदारको रुपमा विकास गर्दै लगिनेछ ।

८२. परम्परागत सीप र कौशलताको संरक्षण गरी घरेलु तथा कुटीर उद्योग क्षेत्रलाई जीवनस्तर परिवर्तनको भरपर्दो माध्यमको रुपमा विकास गर्दै लगिनेछ । कुटीर उद्योगको विकासका लागि रु. ४ करोड विनियोजन गरेको छु ।

८३. वन, वन्यजन्तु तथा वन सम्पदाहरुको संरक्षण र विकास गरी दिगो विकासको लक्ष्य हासिल गर्न सरकार प्रतिवद्ध छ । वनको वैज्ञानिक व्यवस्थापन कार्यक्रम संचालन गर्न रु. १७ करोड ६० लाख विनियोजन गरेको छु ।

८४. यस प्रदेशलाई धार्मिक पर्यटनको केन्द्रको रुपमा विकास गर्न आवश्यक संस्थागत प्रवन्ध मिलाई गुणस्तरीय पर्यटकको आगमन तथा बसाई अवधि



बढाउन मनोरञ्जन केन्द्र र आधुनिक होटलहरुको स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

८५. प्रदेश भित्रका पर्यटकीय पूर्वाधार, बगैंचा तथा पार्क निर्माण लगायत विभिन्न ताल तलैयाहरुको संरक्षण र सौन्दर्यकरण, पर्यटक सुरक्षा तथा पर्यटकीय सूचना ब्यवस्थाको लागि रकम विनियोजन गरेको छु ।

८६. प्रत्येक वर्ष फाल्गुण महिनामा हुने मिथिला मध्य परिक्रमा उत्सवमा उपस्थित हजारौं भक्तजनहरुको सुविधाको लागि मिथिला मध्य परिक्रमा स्थलहरुमा रामजानकी डोली बिसौनी घर निर्माण गर्न रु.१ करोड २० लाख विनियोजन गरेको छु ।

८७. नारायण डाँडा, सर्लाहीमा टेलिस्कोप सहितको भ्यू-टावर निर्माण गर्न रु. १ करोड विनियोजन गरेको छु ।

८८. तेञ्जिङ्ग शेर्पा र एडमण्ड हिलारीले विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणको यात्रा शुरु गरेको स्थान माडर, सिरहामा तेञ्जिङ्ग-हिलारी प्रवेशद्वार निर्माण गर्न रु.१ करोड विनियोजन गरेको छु।

८९. पर्यापर्यटन (**Eco-Tourism**) विकास तथा होमस्टे पूर्वाधार विकासका लागि रु. २ करोड ६० लाख बजेट विनियोजन गरेको छु ।

<u>वजेटको कार्यान्वयन</u>

९०. वजेटमा प्रस्तुत भएका कार्यक्रमहरुको समयबद्ध कार्ययोजना तयार गरी आर्थिक वर्षको पहिलो दिनदेखि नै कार्यान्वयन गरिनेछ। कार्यक्रमको कार्यान्वयनका लागि हरेक क्षेत्रमा आवश्यक ऐन, नियमावली तथा कार्यविधिहरुको तर्जुमा र परिपालनाको माध्यमबाट सार्वजनिक खर्चमा हुन सक्ने अनियमितता रोकिनेछ।

९१. जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता विकास तथा नियमित अनुगमनको माध्यमबाट वजेट कार्यान्वयनलाई सहज बनाइनेछ।

९२. आ.व.२०७४/७५ मा कूल विनियोजित बजेट मध्ये यस आ.व.मा रु. ३० करोड मात्र खर्च हुने अनुमान छ। जसमध्ये चालु तर्फ ३६ प्रतिशत र पूँजीगत तर्फ ६४ प्रतिशत खर्च हुने अनुमान छ।



९३. आर्थिक वर्ष २०७५/७६ को आर्थिक विधेयक, २०७५ तथा विनियोजन विधेयक, २०७५ यसै साथ संलग्न छ। बजेटको अभिन्न अंगको रुपमा रहने मध्यमकालीन खर्च संरचना यसैसाथ प्रस्तुत गरेको छु।

सभामुख महोदय,

९४. अव म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको योजना प्रस्तुत गर्दछु:

९५. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. २९ अर्व ७८ करोड ६९ लाख ३८ हजार विनियोजन गरेको छु। कूल विनियोजन मध्ये चालु तर्फ रु.१४ अर्व ४७ करोड ५६ लाख १३ हजार अर्थात ४८.६० प्रतिशत र पूँजीगत तर्फ रु.१५ अर्व ३१ करोड १३ लाख २५ हजार अर्थात ५१.४० प्रतिशत रहेको छ।

९६. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये राजस्वबाट रु.१० अर्व ४८ करोड

९७ लाख ३८ हजार, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानबाट क्रमशः रु. ७ अर्ब ७१ करोड ६१ लाख र रु. ९ अर्ब १८ करोड ११ लाख गरी जम्मा रु. १८ अर्ब २० करोड ५८ लाख ३८ हजार र विशेष अनुदानबाट रु. १ अर्ब र समपुरक अनुदानबाट रु. ४० करोड गरी जम्मा रु. २८ अर्ब ७८ करोड ६९ लाख ३८ हजार ब्यहोर्दा रु.१ अर्ब खुद न्यून हुन जानेछ। सो न्यून पूर्ति गर्न आवश्यक कानूनी व्यवस्था गरी आन्तरिक ऋण परिचालन गरिनेछ।

९७. अब म आर्थिक वर्ष २०७५/७६ को राजस्व परिचालन सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

९८. नेपालको संविधानले प्रदेश सरकारलाई प्रदान गरेको राजस्व परिचालनको अधिकारको कार्यान्वयनको शुरुवात प्रदेशमा पहिलो पटक हुदैछ। यसका लागि आवश्यक पर्ने कर तथा गैरकर राजस्व सम्बन्धी कानूनहरुको तर्जुमा यथाशिघ्र गरी यस सम्मानित सभासमक्ष पेश गरिनेछ।



९९. प्रदेशको आन्तरिक राजस्व परिचालन गर्न संस्थागत व्यवस्था गरिनेछ। प्रदेश तथा स्थानीय तह दुबैबाट राजस्व संकलन भई एक अर्कामा राजस्व बाँडफाँट हुने परिपेक्ष्यमा स्थानीय तहहरुसँगको समन्वयात्मक प्रयासमा राजस्व संकलनमा संलग्न निकाय तथा कर्मचारीहरुको क्षमता सुदृढीकरण गरी राजस्व चुहावट नियन्त्रण गरिनेछ।

१००. स्थानीय तहहरु तथा सरोकारवालासँग समन्वय गरी राजस्वका वर्तमान दरहरुको पुनरावलोकन गरिनेछ।

१०१. कृषि क्षेत्रको दयनीय अवस्थालाई मध्यनजर गर्दै कृषिमा आयकर नलाग्ने व्यवस्था गरेको छु ।

१०२. यो बजेट तर्जुमा गर्दा मार्गनिर्देशन प्रदान गर्नु हुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, माननीय मन्त्रीज्यूहरु र विभिन्न राजनैतिक दलका शिर्ष नेताहरु तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरु प्रति आभार प्रकट गर्दछु । निजी क्षेत्रसँग सम्बन्धित संघसंस्थाहरु, नागरिक समाज, सामाजिक संस्था, सञ्चार जगत, विषयविज्ञ,

वुद्धिजीवि, स्थानीय तहका जनप्रतिनिधि तथा पदाधिकारीहरु, राष्ट्रसेवक कर्मचारी र विदेशमा रहनु भएका नेपाली दिदीबहिनी, दाजुभाई सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

१०३. अन्त्यमा, यो वजेटको सफल कार्यान्वयनमा सबैको सहयोग पाउने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद ।